(दफा ४ तथा अनुसूचि - १ को भाग - २ सँग सम्बन्धित)

त्रिवेणी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः१ संख्याः८७ मिति२०८२/०२/११.

## भाग-२

## त्रिवेणी गाउँपालिका

**त्रिवेणी गाउँपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि २०८२**

आज्ञाले,
नामः यज्ञ बहादुर भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

# त्रिवेणी गाउँपालिकाको मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि, २०८२

**प्रमाणिकरण मितिः२०८२२४/०१/**

**प्रकाशन मितिः२०८२११/०२/**

**<u>प्रस्तावनाः</u>** नेपाल सरकारले गरेका विभिन्न अन्तराष्ट्रिय प्रतिवद्धता तथा नेपालको संविधानले प्रत्याभूत गरेको स्वतन्त्र, सम्मानपूर्वक, समानतापूर्वक स्वच्छ वातावरणमा बाँच्न पाउने हक लागायत स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइ, उपयुक्त आवास, भेदवाव रहित जीवन यापन सम्बन्धी हक र सबै प्रकारका छुवाछुत तथा भेदभावजन्य कार्य गम्भीर सामाजिक अपराध हुने बिषयलाई मौलिक हकको रुपमा गरेको व्यवस्थालाई कार्यान्वयन गरी किशोरी तथा महिलाहरुको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति गर्ने सम्बन्धमा विभिन्न संघीय तथा प्रदेश कानुनले गरेका व्यवस्थाहरुको स्थानीय स्तरमा कार्यान्वयन गर्न,

किशोरी तथा महिलाहरुलाई सुरक्षित, स्वस्थ, स्वच्छ, सभ्य शिष्ट एवं सम्मानित जीवनयापनको प्रत्याभुत गराई महिनावारीलाई मर्यादित रुपमा व्यवस्थापन गर्न त्रिवेणी गाँउपालिकाको खानेपानी सरसफाइ तथा स्वच्छता ऐन २०८१ को दफा ६२ अनुसार त्रिवेणी गाँउ  कार्यपालिकाले मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि २०८२ तयार पारी लागु गरेको छ।

## परिच्छेद १

## <u>प्रारम्भिक</u>

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस कार्यविधिको नाम **"मर्यादित महिनावारी व्यवस्थापन कार्यविधि २०८२"** रहने छ।

(२) यो कार्यविधि गाउँ परिषदबाट स्वीकृत भएको मितिबाट लागु हुनेछ।

२. <u>परिभाषाः विषय वा प्रसंगले अर्को अर्थ नलागेमा, यस कार्यविधिमाः</u>

(क) **"अध्यक्ष"** भन्नाले गाउँपालिकाको अध्यक्षलाई जनाउँछ।

(ख) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउँछ।

(ग) **"उपाध्यक्ष"** भन्नाले त्रिवेणी पालिकाको उपाध्यक्षलाई जनाउँछ।

(घ) **"गाउँपालिका"** भन्नाले त्रिवेणी गाउँपालिकालाई जनाउँछ।

(ङ) **"मर्यादित महिनावारी"** भन्नाले किशोरी तथा महिलाहरु महिनावारी हुँदा भेदभाव रहित, मर्यादित, सम्मानीत, सुरक्षित, स्वच्छ तथा स्वस्थ भएको अवस्थालाई जनाउँछ।

(च) **"महिनावारी सरसफाइ सामग्री"** भन्नाले महिनावारी स्वच्छता व्यवस्थापनका लागि प्रयोग गरिने सरसफाइ सामग्रीहरु जस्तै सेनीटरी प्याड, टाम्पुन, मेन्स्ट्रुअल कप, साबुन, डिटर्जेन्ट, सफा कपडा आदिलाई जनाउँछ।

(छ) **"महिनावारीका जोखिमपूर्ण अभ्यासहरु"** भन्नाले महिनावारी भएको बेला असुरक्षित गोठ वा स्थानमा बस्ने, चर्पी र धाराको पहुँच नहुने, सरसफाइ नगरेको अवस्था तथा खानपानमा पोषणयुक्त खानाको अभाव भएको अवस्थालाई जनाउँछ।

(ज) **"समिति"** भन्नाले मर्यादित महिनावारी व्यवस्थापनको कार्य सम्पादनको लागि गठित गाउँपालिका तथा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिहरुलाई जनाउँछ।

(झ) **"समूह"** भन्नाले मर्यादित महिनावारी व्यवस्थापनका लागि गाउँपालिका स्तरीय समितिहरुलाई आवश्यक सहयोग पुर्याउने उद्देश्यले गाउँपालिका भित्रमा सचेतनामुलक सन्देश फैलाउन गठित विभिन्न समूहलाई जनाउँछ।

(ञ) **"महिनावारी मैत्री"** भन्नाले किशोरी तथा महिलाहरु महिनावारी भएको बेला उपयुक्त हुने संरचना तथा व्यवस्थालाई जनाउँछ।

(ट) **"शाखा"** भन्नाले गाउँपालिकाले मर्यादित महिनावारी सम्बन्धी जिम्मेवारी प्रदान गरिएको दफा १२ वमोजिमको शाखालाई जनाउँछ।

**३. <u>उद्देश्यः</u>** यस कार्यविधिका बिशिष्ट उद्देश्यहरु देहाय बमोजिम रहेका छन;

(क) महिनावारीलाई मर्यादित र सम्मानजनक रुपमा समाजमा स्थापित गर्दै लैंगिक संवेदनशील संस्कृतिको विकास गर्ने,

(ख) शिक्षा र जनचेतनाको अभिबृद्धि गरी छाउपडी प्रथाजन्य पुरातन, रुढिवादी अन्धविश्वास मान्यता, सोच र अभ्यासलाई परिवर्तन ल्याई महिलाको मानव अधिकारको सम्मान, संरक्षण र परिपूर्ति हुने वातावरणको तयार गर्ने।

(ग) महिनावारी स्वच्छता सम्वन्धि आधारभुत सेवा, सुविधा र सामग्रीको उपलब्धताको पहुँच बढाउने।

## परिच्छेद २

## <u>तथ्यांक तथा योजना सम्बन्धी व्यवस्था</u>

**४. <u>तथ्यांक संकलन गर्नेः</u>** (१) गाउँपालिकाले मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी अनुसूची १ र २ वमोजिम तथ्यांक संकलन गर्नु पर्नेछ।

(२) उल्लेखित ढाँचा अनुसारको तथ्याङ्कगत सूचनाहरू संकलन गरी शाखाले व्यवस्थापन समितिमा प्रतिवेदनको रुपमा प्रस्तुत गर्नेछ।

**५. <u>योजना तर्जुमा गर्नेः</u>** (१) गाउँपालिकास्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिले महिनावारी सम्बन्धी दफा ४ अनुसारको तथ्यांक विश्लेषण गरी वार्षिक योजना तर्जुमा गर्नेछ।

(२) उपदफा (१) बमोजिम यस दफा बमोजिम योजना तथा कार्ययोजना बनाउदा संकलित तथ्यांकबाट प्राप्त सूचना सहित देहायका बिषयलाई समेत ध्यान दिनु पर्नेछ।

(क) छाउपडी प्रथाजन्य कुरीति सम्बन्धी विषयवस्तुका सम्बन्धमा जनचेतना अभिवृद्धि गर्न माध्यमिक तहमा हरेक विद्यालयहरुले छाउपडी प्रथाजन्य कुरीति उन्मुलनको विषयमा अनिवार्य रुपमा पठनपाठन गर्ने, गराउने।

(ख) छाउपडी प्रथाजन्य कुरीति उन्मुलन अभियानमा पूरोहित, धामी, झाक्री, महिला स्वयंसेविका र अन्तरपार्टी महिला सञ्जाल, आमा समूह, युवा क्लव, बाल क्लव लगायतका गैर सरकारी संघ संस्था, सार्वजनिक निर्माण कार्यका लागि गठित उपभोक्ता समिति, समूहलाई अधिकतम् रुपमा परिचालन गर्ने।

(ग) हरेक व्यक्ति, परिवार र समुदायलाई सशक्तिकरण गर्दै रुपान्तरित व्यक्ति, समूह र समुदायलाई प्रोत्साहन र परिचालन गर्ने।

(घ) महिनावारी तथा सुत्केरी भएका महिलाहरुका लागि स्थानीय स्वास्थ्य संस्थाहरुमा मनो-सामाजिक परामर्श कक्ष स्थापना र सञ्चालन गर्ने।

(ङ) सरकारी, सार्वजनिक, नीजि, सहकारी तथा अन्य संगठित संघसंस्थाले महिनावारी वा सुत्केरी भएको समयमा प्रयोगमा आउने सामग्रीको व्यवस्थापन गर्ने।

(च) छाउपडी प्रथाजन्य कुरीतिबाट प्रभावित महिला तथा बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धमा जनचेतना अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्ने।

(छ) प्रत्येक घरपरिवार, वडा, वस्तीलाई छाउपडी प्रथाजन्य कुरीति मुक्त घोषणा गर्ने अभियान संचालन गर्ने।

(ज) छाउपडी प्रथाजन्य कुरीतिको अन्त्य गर्ने अभियानमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, संघसंस्था, वडालाई उचित प्रोत्साहनको व्यवस्था गर्ने।

(झ) छाउपडी प्रथाजन्य कुरीतिको न्यूनिकरण र महिलाको प्रजनन स्वास्थ्य लगायतका मानव अधिकारको संरक्षण भए नभएको नियमित रुपमा अनुगमन गर्ने

(ञ) सार्वजनिक पदाधिकारी, पद धारण गरेका राजनीतिक पार्टीका पदाधिकारी, जनप्रतिनिधी, कर्मचारी, शिक्षक, सुरक्षा निकायका

पदाधिकारी, गैर सरकारी संस्था लगायतका पदाधिकारीहरुले छाउपडी प्रथाजन्य कुरीतिका विरुद्धमा सार्वजनिक रुपमा घोषणा गर्ने

**(ट)** छाउपडी प्रथाजन्य कुरीति विरुद्ध मुलुकी फौजदारी (संहिता) ऐन, २०७४ मा रहेको कानूनी व्यवस्था तथा अन्य प्रचलित कानूनमा रहेका व्यवस्थाहरुलाई प्रभावकारी कार्यान्वयन गर्ने

**६. <u>लक्षित समुहः</u>** मर्यादित महिनावारी सम्बन्धी कार्यक्रमका लागि देहाय वमोजिमका लक्षित समूहहरु रहनेछन्।

(क) किशोरी, महिला तथा आश्रीत बालबालिका,

(ख) किशोरी समूह, महिला समूह, आमा समूह, उपभोक्ता समिति, महिला सञ्जाल, बाल क्लव आदि,

(ग) समुदाय (धामी, झाँक्री, पूजारी, जेष्ठ नागरिक तथा परिवारका अन्य सदस्यहरू, सामाजिक तथा धार्मिक मुखिया),

(घ) शिक्षण तथा स्वास्थ्य संस्थाहरु,

(ङ) स्थानीय तह स्थित विभिन्न सञ्जाल तथा मञ्च,

(च) अन्य सरोकारवाला।

## परिच्छेद ३

## समिति तथा शाखा सम्बन्धी व्यवस्था

**७. गाउँ मर्यादित महिनावारी व्यवस्थापन समितिः** मर्यादित महिनावारी सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन गर्न गाउँपालिकामा देहाय वमोजिमको व्यवस्थापन समिति रहनेछ;

(क) गाउँपालिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका उपाध्यक्ष – सदस्य

(ग) प्रमुख, गाउँपालिका स्थित प्रहरी कार्यालय – सदस्य

(घ) प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा – सदस्य

(ङ) प्रमुख, स्वास्थ्य शाखा – सदस्य

(च) प्रमुख, शिक्षा शाखा – सदस्य

(छ) महिला अधिकारका क्षेत्रमा काम गर्ने गैरसरकारी संस्था प्रतिनिधि एक जना – सदस्य

(ज) दलित महिला जनप्रतिनिधि एक जना – सदस्य

(झ) शिक्षक प्रतिनिधि महिला र पुरुष गरी दुई जना – सदस्य

(ञ) गाउँपालिका स्तरीय महिला सञ्जाल प्रतिनिधि – सदस्य

(ट) बाल क्लब/किशोरी सञ्जालबाट समितिले तोकेको एकजना – सदस्य

(ठ) आमा समूह/महिला स्वयंसेविका मध्येबाट समितिले तोकेको एकजना – सदस्य

(ड) स्थानीय धामीझाँकी र पूरोहितहरु मध्येबाट समितिले तोकेको एकजना प्रतिनिधि – सदस्य

(ढ) अपाङ्गता भएको व्यक्ति (महिला भए महिला) एक जना – सदस्य

(ण) प्रमुख प्रशासकीय अधिकृत -सदस्य सचिव

८. **<u>गाउँ मर्यादित महिनावारी व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारः</u>** गाउँ मर्यादित महिनावारी व्यवस्थापन समितिको काम कर्तव्य र अधिकार देहाय वमोजिम रहनेछन्;

(क) छाउपडी वा महिनावारी व्यवस्थापनका वर्तमान अभ्यासहरूको अवस्था सम्बन्धी तथ्याङ्क संकलन गरी विश्लेषण गर्ने,

(ख) महिनावारी स्वच्छता व्यवस्थापन तथा छाउपडी सम्बन्धी जोखिमपूर्ण अभ्यासहरूको नकारात्मक प्रभावको बारेमा लक्षित समूहलाई सुचित गराउदै सचेतनामूलक कृयाकलापहरू सञ्चालन गर्ने, गराउने।

(ग) किशोरी तथा महिलाहरुको स्वास्थ्य, पोषण, सुरक्षा तथा आत्मसम्मान सम्बन्धमा सचेतीकरण हुने कार्यक्रम लागु गर्ने, गराउने।

(घ) छाउपडी वा छुइ बार्ने कुप्रथाको अन्त्य गर्न सहयोग गर्ने व्यक्ति, परिवार र समुदायलाई सम्मान गर्ने,

(ङ) महिनावारी मैत्री व्यवस्था तथा संरचना निर्माण गर्ने, गराउने।

९. **<u>वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिः</u>** गाउँपालिकामा देहाय वमोजिमको मर्यादित महिनावारी व्यवस्थापन समिति रहनेछ;

(क) वडा अध्यक्ष -संयोजक

(ख) वडा समितिका सदस्यहरु -सदस्य

(ग) वडा स्थित स्वास्थ्य संस्था प्रमुख -सदस्य

(घ) वडा स्तरीय महिला सञ्जाल प्रतिनिधि -सदस्य

(ङ) वडा स्तरीय वाल क्लब प्रतिनिधि -सदस्य

(च) किशोरी समूह प्रतिनिधि -सदस्य

(छ) समाजिक महिला अभियन्ता/आमा समूह प्रतिनिधि -सदस्य

(ज) महिला स्वास्थ्य स्वयं सेविकाहरु (सबै) -सदस्य

(झ) सामाजिक तथा धार्मिक नेता प्रतिनिधि (२ जना) -सदस्य

(ञ) शिक्षक प्रतिनिधि (२ जना) -सदस्य

(ट) वडा सचिव -सदस्य सचिव

१०.**<u>वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः</u>** वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय वमोजिम रहनेछन्;

(क) गाउँपालिकाले पारित गरेको योजनाको कार्यान्वयन गर्ने गराउने,

(ख) वडाका आवश्यकताहरु पहिचान गरी सोको सम्बोधन गर्न गाउँपालिका तथा अन्य सरोकारवालाहरुसँग समन्वय गर्ने र

(ग) गाउँपालिकाले तोकेका अन्य कार्यहरु गर्ने।

११.**<u>बैठक सम्बन्धी कार्यबिधिः</u>** दफा ९ र १० वमोजिम मर्यादित महिनावारी व्यवस्थापन समितिको बैठक देहाय वमोजिम बस्नेछ;

(क) गाउँपालिका स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको बैठक कम्तीमा तीन महिनामा एक पटक बस्नेछ।

(ख) वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको बैठक महिनामा कम्तीमा एक पटक बस्नेछ।

(ग) समितिको बैठक सो समितिको अध्यक्षको निर्देशनमा सदस्य सचिवले बोलाउनेछ।

(घ) समितिको बैठकमा छलफल हुने विषय सूची सदस्य सचिवले बैठक पूर्व सदस्यहरुलाई जानकारी गराउनेछ।

(ङ) कम्तिमा तीन महिला सदस्य सहित समितिमा तत्काल कायम रहेका पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ।

(च) समितिको बैठकको अध्यक्षता समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा बैठकमा उपस्थित सदस्यहरुमध्येबाट जेष्ठ सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(छ) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ।

(ज) बैठक सम्बन्धी अन्य कार्यविधि सम्बन्धीत समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

(झ) प्रत्येक छ महिनामा गाउँपालिका तथा वडा स्तरीय मर्यादित महिनावारी व्यवस्थापन समितिको संयुक्त प्रगति समिक्षा बैठक बस्नेछ।

१२.**<u>बिषयगत शाखाको जिम्मेवारी:</u>** (१) गाउँपालिकाले मर्यादित महिनावारी तथा स्वच्छता व्यवस्थापन सम्बन्धी नीति योजना कार्यान्वयन गर्न महिला बालबालिका तथा जेष्ठ नागरिक शाखालाई बिषयगत शाखाको जिम्मेवारी प्रदान गरिनेछ।

(२) उपदफा (१) वमोजिमको शाखाको जिम्मेवारी देहाय वमोजिम रहनेछ।

(क) मर्यादित महिनावारी व्यवस्थापन सम्बन्धी संघीय, प्रादेशिक तथा गाउँपालिका स्तरीय कानुनको पूर्ण कार्यान्वयन गर्ने, गराउने,

(ख) सङ्कलित सूचना तथा तथ्याङ्कको अभिलेख राख्ने,

(ग) गाउँपालिकाले निर्माण गरेको योजना कार्यान्वयन गर्ने, गराउने,

(घ) गाउँपालिका तथा वडा स्तरीय समितिहरुको कार्य सम्पादनको अनुगमन, सुपरिवेक्षण तथा कार्यसम्पादन मूल्याङ्कन गरी आवश्यक सल्लाह सुझाव दिने,

(ङ) व्यवस्थापन समिति र अन्य सरोकारवालाहरुको क्षमता अभिबृद्धि सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,

(च) उजुरीहरुमाथि आवश्यक कारवाही गर्ने,

(छ) मर्यादित महिनावारी सम्बन्धी प्रतिवेदन तयार गरी समितिमा पेश गर्ने

## परिच्छेद ४

## <u>विविध</u>

१३.**<u>अनुगमन तथा प्रतिवेदन:</u>** मर्यादित महिनावारी सम्बन्धी योजनाको अनुगमन गाउँपालिका, वडा व्यवस्थापन समिति र शाखाले गर्नेछ।

(२) उपदफा (१) वमोजिम अनुगमन पश्चात शाखाले सोको प्रतिवेदन तयार गरी अभिलेख गर्नेछ।

१४.**<u>पुरस्कार सम्बन्धी व्यवस्था:</u>** (१) मर्यादित महिनावारी व्यवस्थापनको क्षेत्रमा महत्वपूर्ण योगदान गर्ने व्यक्ति, समूह, संघ संस्था, नमुना घर, समुदाय, टोल तथा वडालाई गाउँपालिकाले सम्मान तथा पुरस्कृत गर्नेछ।

(२) उपदफा (१) वमोजिम पुरस्कारका लागि गाउँपालिका/नगर कार्यपालिकाले मापदण्ड तय गरी व्यक्ति, घर, समूह टोल, संघ संस्था आदि छनौट गर्नेछ।

१५. **<u>महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणाः</u>** (१) गाउँपालिकाले अनुसूची ४ मा उल्लेखित सूचक पुरा गरेको घर, टोल, वडा तथा बिद्यालयलाई मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा गर्न सक्नेछ।

(२) उपदफा (१) वमोजिम उल्लेखित सूचक पुरा गर्ने धरधुरी, वस्ती, वडा तथा बिद्यालयले ती सूचकहरु अभ्यासमा ल्याएको व्यहोरा जनाइ घर, टोल, बिद्यालयले वडा कार्यालयमा र वडाले गाउँपालिका समक्ष निवेदन दिनु पर्नेछ।

(३) उपदफा (२) वमोजिम निवेदन प्राप्त भएमा धरधुरी, वस्ती, वडा तथा विद्यालयको अनुगमन वडा व्यवस्थापन समितिले र वडाको अनुगमन गाउँपालिकाले स्थलगत अनुगमन गर्नेछ।

(४) यस दफा वमोजिम तोकिएका सूचक पुरा गर्ने घर, टोल, विद्यालयलाई वडा कार्यालयले मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणा गरी बिशेष पहिचान पत्रको प्रमाण पत्र सहित सम्मान गर्नेछ भने वडाको हकमा गाउँपालिकाले बिशेष पहिचान पत्रको प्रमाण पत्र सहित सम्मान गर्नेछ।

१६. **<u>संशोधन तथा परिमार्जनः</u>** यस कार्यविधिमा भएका दफाहरूको संशोधन गर्ने अधिकार गाउँ कार्यपालिकामा रहनेछ।

१७. **<u>कार्यविधिको कार्यान्वयन तथा पालनाः</u>** गाउँपालिकाका सबै जनप्रतिनिधि, कर्मचारी, विभिन्न, समिति तथा समूह, अन्य सरोकारवाला र सम्बद्ध सबैले यो कार्यविधिको पूर्ण पालना गर्नु सबैको कर्तव्य हुनेछ।

## अनुसूची १

*(दफा ४ उपदफा (१) सँग सम्बन्धित)*

**त्रिवेणी गाँउपालिका**

**महिनावारी स्वच्छता व्यवस्थापन तथा छाउपडी अभ्यासको अवस्था सर्वेक्षण फाराम**

**घरमूलीको नाम ......................**

**वडा नं............ टोल/गाउँः:..................**

| क्र स | सूचक | छ | छैन | अन्य |
|---|---|---|---|---|
| १ | महिनावारी भएको वेला घरमा बस्ने गरेको छ ? | | | छैन भने कहाँ बस्ने गरेको छ ? यहाँ लेख्नुहोस |
| २ | सुत्केरी भएको वेला घरमा बस्ने गरेको छ ? | | | छैन भने कहाँ बस्ने गरेको छ ? यहाँ लेख्नुहोस |
| ३ | महिनावारी र सुत्केरी भएको वेला एउटै छाउगोठमा बस्ने गरेको छ ? | | | |
| ४ | सुत्केरी वा महिनावारी भएका वेला चर्पी प्रयोग गर्ने गरेको छ ? | | | छैन भने कहाँ बस्ने गरेको छ ? यहाँ लेख्नुहोस |
| ५ | महिनावारी भएका वेला कस्तो सेनीटरी प्याड प्रयोग गर्ने गरेको छ ? | | | |
| | क. पुनः प्रयोग गर्न मिल्ने प्याड प्रयोग गर्ने गरेको | | | |
| | ख. पुनः प्रयोग गर्न नमिल्ने प्याड प्रयोग गर्ने गरेको | | | |
| ६ | सेनीटरि प्याड पुनः प्रयोग गर्न नमिल्ने ) प्रयोग गर्ने गरेको भए प्रयोग (प्याड गरीसकेपछि, कसरी बिसर्जन गर्ने गरेको छ ? | | | |
| | क. खाल्डोमा पुर्ने गरेको छ | | | |
| | ख. जलाउने गरेको छ | | | |
| | ग. फोहर फाल्ने ठाउँमा फाल्ने गरेको छ | | | |
| | घ. कुनै निश्चित ठाउँमा फाल्ने नगरेको | | | |

| | | | | |
|---|---|---|---|---|
| ७ | महिनावारी भएको बेला घरैमा बनाएको सुरक्षित प्याड लागाउने बानी छ ? | | | |
| ८ | घरमा निर्मित सुरक्षित प्याड बनाउने तरिका थाहा छ ? | | | |
| ९ | महिनावारी भएको वेला सेनीटरि प्याड प्रयोग गरेपछि सावुन पानीले हात धुने गरेको छ ? | | | |
| १० | महिनावारी भएको वेला कपडा धुन साबुन वा डिटरजेन्ट प्रयोग गर्ने गरेको छ ? | | | |
| ११ | महिनावारी तथा सुत्केरी भएको वेला सार्वजनिक धारा प्रयोग गर्ने गरेको छ ? | | | |
| १२ | महिनावारी तथा सुत्केरी भएको वेला नियमित नुहाउने गरेको छ ? | | | |
| १३ | के महिनावारी तथा सुत्केरी भएको किशोरी तथा महिलाले अलग्गै धारामा वा खोलामा गई नुहाउने गरेको छ ? | | | |
| १४ | महिनावारी तथा सुत्केरी भएको बेला पोषणयुक्त खाना (दुध, दही, घिउ) खाने गरेको छ ? | | | |
| १५ | महिनावारी भएको किशोरी तथा महिला शिक्षकहरु विद्यालय जान पाउछन् ? | | | |
| १६ | महिनावारी भएको बेला चाहिने सरसफाइ सामग्रीहरुको बारेमा जानकारी छ ? | | | |

## अनुसूची २

*(दफा ४ उपदफा (१) सँग सम्बन्धित)*

**विद्यालय स्तरमा महिनावारी स्वच्छता व्यवस्थापनको अवस्था सर्वेक्षण फाराम**

बिद्यालयको नाम ....................

मिति..................

ठेगाना ....................................

| क स | सूचक | छ | छैन | अन्य विवरण |
|---|---|---|---|---|
| १ | छात्राहरु महिनावारी हुँदा नियमित विद्यालय आउने गरेका छन ? | | | |
| २ | छात्राहरु महिनावारी हुँदा विद्यालयको शौचालय प्रयोग गर्ने गरेका छन ? | | | |
| ३ | स्यानेटरी प्याड वा कपडा बाल्ने ठाउँ वा इन्सिनेरेटरको व्यवस्था छ ? | | | |
| ४ | शौचालयमा प्याड व्यवस्थापन गर्न इन्सिनेरेटरको व्यवस्था नभएको स्थानमा ढकन सहितको डस्टवीनको व्यवस्था छ ? | | | |
| ५ | महिनावारीमा प्रयोग गरिने प्याडको परिर्वतन तथा व्यवस्थापन गर्ने उचित स्थान छ ? | | | |
| ६ | महिनावारी सामाग्री सफा गर्न शौचालय भित्र साबुन पानीको ब्यबस्था छ ? | | | |
| ७ | महिनावारी समाग्री ब्यवस्थापन पछि हात धुनका लागि साबुन पानी संगको पहुँच छ ? | | | |
| ८ | के विद्यालयले महिनावारी तथा महिनावारी स्वच्छता व्यवस्थापन सम्बन्धी सचेतनामूलक कक्षाहरु सञ्चालनमा ल्याएको छ ? | | | |
| ९ | के विद्यालयले महिनावारी व्यवस्थापनका लागि विद्यालयमा आकस्मीक सामग्रीको व्यवस्था गरेको छ ? | | | |
| १० | के विद्यालयले महिनावारी स्वच्छता व्यस्थापन किशोरी समुह गठन गरि पचिालन गरेको छ ? | | | |
| ११ | विद्यालयमा महिनावारी सरसफाइतथा स्वच्छता व्यवस्थापनका सामग्री व्यवस्था गर्न कोष संकलन गर्ने गरेको छ ? | | | |

अनुसूची ३

(दफा ४ सँग सम्बन्धित)

अवस्था विश्लेषण तथा योजना तर्जुमा फाराम

त्रिवेणी गाँउपालिका

अवस्था विश्लेषण तथा योजना तर्जुमा फाराम

| क्र.स. | समस्या तथा जोखिमपूर्ण व्यवहार | कारण | मुख्य बाधकहरु | सामाधानको लागि प्रस्तावित कृयाकलापहरु | आवश्यक बजेट | | | जिम्मेवारी | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | समुदाय | गाउँपालिका | अन्य | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |
| | | | | | | | | | |

अनुसूची ४

*(दफा १५ उपदफा १ सँग सम्बन्धित)*

**<u>मर्यादित महिनावारी व्यवस्थापनयुक्त क्षेत्र घोषणाका सूचकहरु</u>**

(क) महिनावारी भएका किशोरी तथा महिलाको सरसफाइको लागि धारा र चर्पीमा पहुँच भएको,

(ख) महिनावारी भएका किशोरी तथा महिलाको सुरक्षित बस्ने तथा सुत्ने स्थानको उपलब्धता भएको,

(ग) महिनावारी भएका किशोरी तथा महिलालाई पोषणयुक्त खानेकुराहरु (दुध, दही, घिउ)मा पहुँच भएको,

(घ) महिनावारी भएका किशोरी तथा महिलाको महिनावारी सरसफाइ सामग्रीसंगको पहुँच, प्रयोग तथा पुनः प्रयोगको ज्ञान र उचित विसर्जन गर्ने व्यवस्था भएको ,

(ङ) विद्यालय सहित प्रत्येक सार्वजनिक स्थलमा महिनावारी मैत्री खानेपानी तथा सरसफाइ संरचनाको व्यवस्था भएको,

(च) ....................